(ग) 'PMAN' भन्नाले नेपाल परियोजना व्यवस्थापन संघको अंग्रेजीमा 'Project Management Association of Nepal' को छोटकरी नाम PMAN भनि सम्झनु पर्दछ।

(घ) "सदस्य" भन्नाले यस विधान र यस अन्तर्गत बनेको नियमावली अनुसार सदस्यता प्राप्त गर्ने व्यक्ति वा संस्थालाई जनाउनेछ।

(ङ) "कार्यसमिति" भन्नाले नेपाल परियोजना व्यवस्थापन संघको कार्यसमिति सम्झनुपर्दछ।

(च) "पदाधिकारी" भन्नाले नेपाल परियोजना व्यवस्थापन संघको कार्यसमितिमा रहेका अध्यक्ष, उपाध्यक्ष, सचिव, कोषाध्यक्ष, र सदस्यहरु समेतलाई सम्झनुपर्दछ।

(छ) "साधारण सभा" भन्नाले नेपाल परियोजना व्यवस्थापन संघको साधारण सभा तथा विशेष साधारण सभालाई जनाउने छ।

(ज) "गैर सरकारी संघ-संस्था" भन्नाले प्रचलित नेपाल कानून बमोजिम दर्ता भएको गैर सरकारी संघ-संस्थालाई जनाउनेछ।

(झ) "नियमावली" भन्नाले यस विधान अन्तर्गत बनेको नियमावलीलाई जनाउनेछ।

(ञ) "विनियमावली" भन्नाले यस विधान अन्तर्गत बनेको विनियमावलीलाई जनाउनेछ।

(ट) "नियुक्ति" भन्नाले यस विधान तथा यस विधान अर्न्तगतको नियमावली बमोजिमको नियुक्ति भन्ने सम्झनु पर्दछ।

(ठ) "स्थानिय अधिकारी" भन्नाले प्रमुख जिल्ला अधिकारीलाई जनाउनेछ।

(ड) "महाधिवेशन" भन्नाले नेपाल परियोजना व्यवस्थापन संघको कार्यसमितिको निर्वाचन हुने वर्षको साधारण सभालाई जनाउनेछ

(ढ) "ऐन" भन्नाले संघ, संस्था दर्ता ऐन, २०३४ लाई जनाउनेछ।

(ण) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस विधान र यस विधान अन्तर्गत बनेको नियमावली तथा विनियमावलीले तोकिए बमोजिम सम्झनु पर्दछ। सो शब्दले कार्यसमितिले तोकेको वा तोकिए बमोजिमको कुरालाई समेत जनाउनेछ।

३. **संस्थाको छाप र चिन्ह** :- संस्थाको सबै काम कारवाहीको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ। छाप तथा चिन्ह कार्यसमितिले निर्णय गरे बमोजिम हुनेछ। नेपाल परियोजना व्यवस्थापन संघको छाप (प्रतिक चिन्ह) अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ। संस्थाको नाम छाप र चिन्ह पूर्व दर्ता भएको संस्थासँग मेल खाएमा संशोधनको प्रक्रियाद्वारा संशोधन गरिने छ।

## परिच्छेद - २

# उद्देश्य

४. **संस्थाको उद्देश्य** :- यस संस्थाको उद्देश्य देहाय बमोजिम हुनेछ।

(क) यो संस्था मुनाफा रहित जनहितकारी संस्था हुनेछ।

(ख) यो संस्था एक गैरराजनीतिक तथा गैरसरकारी सामाजिक संस्था हुनेछ।

(ग) परियोजना व्यवस्थापनका सिद्धान्तहरुको प्रचार प्रसार गर्ने।

(घ) परियोजना व्यवस्थापन शास्त्र र व्यवसायको प्रवर्द्धन गर्ने।

(ङ) अन्तर्राष्ट्रिय मान्यता प्राप्त परियोजना व्यवस्थापनका नीति तथा सिद्धान्तहरुको पैरबी गर्ने, गराउने।